# पाठ ३

# सन्दुक रुइत

## शब्दार्थ

मानचित्र : नक्सा, पृथ्वीका सम्पूर्ण महादेश तथा महासागरको चित्र
विशिष्ट : अरूभन्दा विशेष किसिमको, माथिल्लो तहको, असाधारण
हिम शृङ्खला : हिमालय पर्वतका पङ्क्ति, हिमालयका श्रेणी
भूपरिवेष्टित : चारैतिर अरू देशको भू-भागबाट घेरिएको वा समुद्री मार्ग नभएको
गौरव : महान् हुनाको भाव वा अवस्था, महत्त्व, महिमा
दुर्गम : मुस्किलसँग मात्र जान सकिने, पुग्न कठिन
मोतीबिन्दु : आँखाको नानीमा जालो पर्ने एक रोग, मोतियाबिन्दु
रुइतेक्टोमी : सन्दुक रुइतले पत्ता लगाएको आँखाको उपचारसम्बन्धी विशेष प्रविधि
अन्तरिक्ष : पृथ्वीको वा अन्य ग्रहको वा नक्षत्रको गुरुत्वाकर्षण शक्तिभन्दा बाहिरको क्षेत्र
शिखर : पर्वतको सबैभन्दा माथिल्लो भाग, चुचुरो
खोच : दुई पहाडका बिचको गहिरो र साँघुरो ठाउँ
मुग्ध : मोहमा परेको लट्ठ परेको, मोहित, लट्ठ, मग्न
बिरानो : नचिनेको, नचाहेको, अपरिचित, अनजान
ओडार : पहाडको पाखा भित्तामा मानिस वा अन्य जीवजन्तु बस्न हुने किसिमले बनेको खोपाको आकारको खाली ठाउँ, गुफा
सङ्घर्षशील : सङ्घर्षमा लागेको, सङ्घर्षमै जीवन बिताएको, सङ्घर्षै सङ्घर्षले भरिएको
कोसेली पात : सौगात, उपहार
पोको : कुनै वस्तुहरू भित्रपट्टि हाली झुन्ड्याउन हुने गरी कागज वा कपडा बेरेर बनाइएको सानो कुम्लो
क्षयरोग : फोक्सोमा विशेष किसिमका कीटाणुले प्रवेश गर्नाले घाउ भई बिस्तारै रोगी गल्दै जाने प्रसिद्ध रोग, टी. बी., सुकेनाश
भावुक : सुकुमार हृदय भएको, कोमल चित्त, असल वा राम्रो कुराको सोच विचार गर्ने
दृढ : अचल, अडिग, बलियो, दरो
प्रवेशिका : उच्च शिक्षा प्रवेश गर्नुभन्दा पहिले लिइने उच्च माध्यमिक तहको परीक्षा, एस. एल. सी.; म्याट्रिक
हृदय विदारक : हृदयलाई छिया छिया पार्ने, मुटु फुट्ला जस्तो ज्यादै दयालाग्दो, ज्यादै दुःखलाग्दो
क्याम्प : कुनै काम सम्पन्न गर्नका लागि सञ्चालन गरिएका अस्थायी शिविर
भयावह : भय उत्पन्न गर्ने, भयानक, भयङ्कर, डरलाग्दो
शल्यक्रिया : चिरफारद्वारा शारीरिक उपचार गरी ठिक पार्ने काम, शल्य चिकित्सा
सङ्कीर्णता : साँघुरो विचार, नीच वा छोटो विचार
सर्वोपरि : सबैभन्दा माथिको, सबैभन्दा बढी
इन्ट्राओकुलर लेन्स : मोतीबिन्दुका कारण काम नलाग्ने भएको प्राकृत लेन्सको ठाउँमा प्रत्यारोपण गरिने कृत्रिम लेन्स
प्रविधि : कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सिप, ढङ्ग वा कौशल
जलबिन्दु : आँखाका नसा सुकेर हुने वंशानुगत रोग
उच्च रक्तचाप : शरीरमा सञ्चार हुने रगतको तीव्र चाप, रक्त सञ्चारको उच्च वेग वा गति
मधुमेह : पिसाबसँगै महजस्तो केही बाक्लो तरल पदार्थ आउने रोग, चिनी रोग
चस्मादोष : आँखासम्बन्धी रोग वा कमजोरीबाट बची त्यसलाई सुरक्षित तुल्याउन लगाउनुपर्ने चस्मा नलगाएमा उत्पन्न हुने जटिल समस्या
सुगम : सजिलैसँग पुग्न वा जान सकिने, सहज
विकट : जान वा पुग्न कठिन हुने, डरलाग्दो, दुर्गम
वृत्तचित्र : राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका विषयवस्तुमा आधारित लघु चलचित्र
पलायन : डराएर वा परिस्थितिसँग हारेर भाग्ने काम, आफ्नो ठाउँ वा विचार छाड्ने काम
दृष्टान्त : उदाहरण
साहस : कठिन काम गर्न सक्ने क्षमता, आँट, हिम्मत

puspas.com.np

puspac.com.np

## अभ्यास

पेज २१

### सुनाइ

१. **पाठको नवौं अनुच्छेद शिक्षकबाट सुनी ठिक बेठिक छुट्याउनुहोस् :**

(क) **जातीय सङ्कीर्णताभन्दा माथि उठेर राष्ट्रिय पहिचानलाई सर्वोपरि ठान्नुपर्छ ।**
(ख) **दृष्टिविहीन हुनाको मुख्य कारण जलबिन्दु हो ।**
(ग) **रुइत एउटा सरल र सस्तो पद्धतिबाट आँखा रोगीको उपचार गर्न चाहँदैनथे ।**
(घ) **रुइतले आविष्कार गरेको प्रविधि सबैभन्दा सस्तो र भरपर्दो साबित भयो ।**
(ङ) **रुइतले आविष्कार गरेको प्रविधिलाई रुइतेक्टोमी भनिन्छ ।**

उत्तर: (क) ठिक
(ख) बेठिक
(ग) बेठिक
(घ) ठिक
(ङ) ठिक

२. **पाठको दोस्रो अनुच्छेद श्रुति लेखन गर्नहोस् ।**

उत्तर: पाठको दोस्रो अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

३. **पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् :**

(क) **रुइत............ का सुरुवात कर्ता पनि हुन् ।**
(ख) **रुइतको जन्म ताप्लेजुङ जिल्लाको ............ गाउँमा भएको थियो ।**
(ग) **रुइतका मातापिताको नाम .......... थियो ।**
(घ) **रुइतको जन्म वि.सं. .......... दिन भएको थियो ।**
(ङ) **रुइतका पुर्खा तिब्बतको.......... क्षेत्रबाट नेपालमा बसाइँ सरेका थिए ।**

उत्तर: (क) रुइत **रुइतेक्टोमी**का सुरुवात कर्ता पनि हुन् ।
(ख) रुइतको जन्म ताप्लेजुङ जिल्लाको **ओलाङचुङगोला** गाउँमा भएको थियो ।
(ग) रुइतका मातापिताको नाम **केसाङ रुइत र सोनाम रुइत** थियो ।
(घ) रुइतको जन्म वि.सं. **२०११ भदौ १९ गतेका** दिन भएको थियो ।
(ङ) रुइतका पुर्खा तिब्बतको **रुइत** क्षेत्रबाट नेपालमा बसाइँ सरेका थिए ।

४. **तल दिइएका अनुच्छेद सुन्नुहोस् र उत्तर दिनुहोस् :**

*बिस वर्षको उमेरमा तिनले गोर्खामा राजदण्ड लिएर रजाइँ गर्न थाले । राजा हुनेबित्तिकै ती मुलुक मार्न हिँडे । वास्तवमा उनको राजत्व काल युद्धको झन्झा र हुरीको बिच बितेको छ । नेपालको मानचित्र बदल्ने तिनै हुन्, नेपालको इतिहासको स्रोत मोड्ने पनि तिनै हुन् । तिनका पराक्रम र पौरखका अघि नेपालका टुक्रे राज्यहरू भकाभक ढल्न थाले । पश्चिममा बाइसे र चौबिसे राज्यहरू थिए । काठमाडौं उपत्यकामा काठमाडौं, भादगाउँ, कीर्तिपुर र पाटन जस्ता नगर राज्यहरू थिए र पूर्वमा पनि माझ किरात, पल्लो किरात, विजयपुर जस्ता बेग्लाबेग्लै राज्यहरू छरिएका थिए । आपसमा यिनीहरूको हानथाप थियो । जनताहरू बलिका बोका बनाइन्थे, उनीहरूको अवस्था कहाली लाग्दो थियो ।*

*नुवाकोटको विजयबाट उनको ऐतिहासिक अभियान सुरु भयो । नुवाकोटको उर्वर स्थल हात पारेपछि पृथ्वीनारायण शाहलाई अरू ठाउँ हान्न सत्र पर्‍यो । कीर्तिपुर हात पारेपछि उपत्यका हान्न अब केही थिएन । उपत्यका फुटेको घर न थियो । काठमाडौं, पाटन र भादगाउँ आपसमा हानथाप गर्थे । एकै गाँसमा पृथ्वीनारायण*

pustaks.com.np

*शाहले यिनीहरूलाई निले । सिङ्गो नेपाल बनाए । यिनले अटुट देशभक्ति दर्साए । ती नेपाल र नेपालीहरूलाई मात्र प्रेम गर्थे । ती भन्थे, "विदेशका कपडा लाउनलाई मनाही गरिदिनू । आफ्नो देशको कपडा बुन्न जान्नेलाई नमुना देखाई सघाउनू र बुन्न लगाउनू, यसो हुँदा नगद विदेश जाँदैन ।" (प्रा. राजनारायण प्रधान : तिस प्रख्यात प्रतिभा)*

**प्रश्नहरू**

**(क) पृथ्वीनारायण शाहलाई नेपालको मानचित्र बदल्ने राजा भन्नुको तात्पर्य के हो ?**

**उत्तर:** टुक्रा-टुक्रामा विभाजित राज्यलाई आफ्नो पौरखले एउटै सिङ्गो राज्यमा रूपान्तरित गर्नु नै पृथ्वीनारायण शाहलाई नेपालको मानचित्र बदल्ने राजा भन्नुको तात्पर्य हो ।

**(ख) पृथ्वीनारायण शाहको राजत्व काल युद्धको झञ्झा र हुरीका बिच बितेको छ भन्नुको तात्पर्य के हो ?**

**उत्तर:** पृथ्वीनारायण शाहको राजत्व काल युद्धको झञ्झा र हुरीको बिच बितेको थियो भन्नुको तात्पर्य पृथ्वीनारायण शाहको सम्पूर्ण जीवन युद्धमै समर्पित थियो भन्ने हो ।

**(ग) काठमाडौँ उपत्यकालाई किन फुटेको घर भनिएको हो ?**

**उत्तर:** उपत्यका राज्यहरूबिच आपसमा हानथाप र युद्ध भइरहने हुनाले काठमाडौँ उपत्यकालाई फुटेका घर भनिएको हो ।

**(घ) नगद विदेश जान नदिन के गर्नुपर्छ ?**

**उत्तर:** नगद विदेश जान नदिन विदेशी कपडाको बहिष्कार र स्वदेशी उद्योगधन्दाबाट उत्पादित कपडालाई प्रोत्साहन गर्नुपर्छ ।

**(ङ) पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व नेपालको अवस्था कस्तो थियो ?**

**उत्तर:** पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व नेपालको अवस्था टुक्रा-टुक्रामा विभाजित भएकाले अत्यन्त नाजुक थियो ।

## बोलाइ

**५. तलका शब्दहरू ठिकसँग उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी लेख्नुहोस्,**

**विशिष्ट :/बि. सिस् .ट./**

**भूगोल :/ भु.गोल्. /**

**दुर्गम, वर्गीय, व्यापारिक, दार्जिलिङ, उपचार**

**उत्तर:** दुर्गम :/ दुर्. गम्./

वर्गीय :/ बर्. गि. य./

व्यापारिक :/ब्या. पा.रिक्./

दार्जिलिङ :/ दार्. जि. लिङ्./

उपचार :/ उ. प. चार्./

**६. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् र कक्षामा सुनाउनुहोस् :**

**भूपरिवेष्टित, शल्यक्रिया, सङ्कीर्ण, अन्तरिक्ष**

**उत्तर:** भूपरिवेष्टित - नेपाल एउटा भूपरिवेष्टित मुलुक हो ।

शल्यक्रिया - डाक्टरले उसको मुटुको शल्यक्रिया गरे ।

सङ्कीर्ण - समाजसेवीले सङ्कीर्ण सोचाइ राख्नुहुन्न ।

अन्तरिक्ष - अन्तरिक्षमा अनन्त ग्रह र ताराहरू हुन्छन् ।

pustak.com.np

**७. तपाईंले आजैदेखि सुरु गर्न सक्ने कुनै दुई सकारात्मक कामहरू कक्षामा सुनाउनुहोस् : जस्तैः आजसम्म मैले राम्रा अक्षर लेख्ने प्रयत्न गरेको छैन, म यो काम आजैबाट सुरु गर्छु ।**

उत्तरः आजसम्म मैले कक्षामा गुरुले पढाएको कुरालाई ध्यान दिएर सुन्ने गरेको छैन, म यो काम आजैबाट सुरु गर्छु ।

आजसम्म मैले साथीहरूसँग मिलेर खेल्ने गरेको छैन, यो काम आजैबाट सुरु गर्छु ।

**८. देशका दुर्गम गाउँमा विकासको मुहान फुटाउन कसले के गर्नुपर्छ ? आफ्नो विचार प्रकट गर्नुहोस् ।**

उत्तरः देशका दुर्गम गाउँमा विकासको मुहान फुटाउन सरकारले राज्यबाट पैसा पठाउनुपर्छ । गाउँका अगुवा वा नेतृत्वकर्ताले तत्काल विकास गर्नुपर्ने क्षेत्र पहिचान गर्नुपर्छ र केन्द्रबाट आएको पैसालाई पारदर्शी ढङ्गले खर्च गर्नुपर्छ, गाउँका जनताले त्यस क्षेत्रको आवश्यकता के हो त्यसको पहिचान गरी खर्च गर्न सुझाब दिनुपर्छ । विज्ञहरूले योजना बनाउँदा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदि क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ । गाउँमा विकासको मुहान फुटाउन सबैको सबै क्षेत्रमा सक्रिय सहभागिता हुनुपर्छ ।

**९. कक्षाका दुई जना साथीहरू उठेर रुइतका पिता सोनाम र माता केसाङ बनी बालक सन्दुकलाई पढ्न पठाउने बारेमा भएको कुराकानीलाई अभिनयसहित संवादको रूपमा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

उत्तरः सर्वप्रथम विद्यार्थीले संवाद तयार पार्ने, कक्षामा छात्र र छात्रा मिलेर त्यस संवादलाई पालैपालो रुइतका मातापिताको अभिनय सहित प्रस्तुत गर्ने नमुनाका लागि संवाद यस्तो हुन सक्छ ।

केसाङ - मैले जति भने पनि तपाईंले सुन्नु भएन हो कि ?

सोनाम - नसुनेको त कहाँ हो र ?

केसाङ - तर ....।

सोनाम - तर सहरका कुरा नगर अब । छोरालाई पढ्न नपठाए के हलो जोताउने त ! हेर, नपढाई कोही ठुलो हुँदैन बुझ्यौ ?

केसाङ - (लामो सास फेर्दै) पढेर मानिस ठुलो हुन्छ भन्ने कुरा त मैले पनि बुझेकी छु । छोरो सानै छ ! परदेशको मामला ! चिनेको कोही छैन । आजसम्म यसले घर छोडेको छैन । यस्तो बालकलाई कहाँ हो कहाँ लागेर छोड्न तपाईंको मनले मान्छ ?

सोनाम - नमानी पनि त भएन नि । हेर, छोरालाई डाक्टर बनाउने विचार मैले गरेको छु । छोरो डाक्टर भयो भने अकालमै कसैले मर्नु पर्दैन । हाम्रो छोरोको मृत्यु उपचार हुन नपाई भएको भन्ने तिमीलाई थाहै छ नि ।

केसाङ - त्यसो त हो तर यस छोरालाई टाढा पढ्न पठाउन मेरो मन पटक्कै मान्दैन ।

सोनाम - भो यस्ता कुरा छोडिदेऊ । अब धेरै आलाप विलाप गर्ने होइन । हाँसेर हामीलाई बिदा गर ।

केसाङ - लौ मेरो केही लाग्दैन । (सुक्क सुक्क रुँदै घरभित्र पस्छिन् र रातो अक्षता टीका ल्याएर टीका लगाई बिदा गर्छिन्)

puspas.com.np

**पठाइ**

**१०. पाठका अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

उत्तर: शिक्षकको उपस्थितिमा पाठका अनुच्छेदहरूलाई विद्यार्थीले पालैपालो सस्वर वाचन गर्ने ।

**११. पाठको दसौँ अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

**(क) रुइतको सपनालाई साकार पार्न क-कसले साथ दिए ?**

उत्तर: रुइतको सपनालाई साकार पार्न अस्ट्रेलिया स्थित फ्रेड हलोज फाउन्डेसन, समाजसेवी तथा साहित्यकार लगायतले साथ दिए ।

**(ख) 'इन्ट्राओकुलर लेन्स' भन्नाले के बुझिन्छ ?**

उत्तर: 'इन्ट्राओकुलर लेन्स' भन्नाले आँखाको उपचार गर्ने नयाँ उपचार पद्धति भन्ने बुझिन्छ ।

**(ग) शल्यक्रियापछि बिरामीहरूले कसरी आफ्नै आँखाबाट संसार देख्छन् ?**

उत्तर: शल्यक्रियापछि बिरामीहरूले 'इन्ट्राओकुलर लेन्स' आँखामा लगाएपछि उनीहरूले आफ्नै आँखाबाट संसार देख्छन् ।

**(घ) तिलगङ्गा आँखा केन्द्रको स्थापना कहिले भयो ?**

उत्तर: तिलगङ्गा आँखा केन्द्रको स्थापना वि.सं. २०५१ मा भयो ।

**(ङ) विश्वका अधिकांश मुलुकले रुइतेक्टोमीको प्रयोग गर्नुको कारण के हो ?**

उत्तर: विश्वका अधिकांश मुलुकले रुइतेक्टोमीको प्रयोग गर्नुको कारण सस्तो र सुलभ तरिकाले नयाँ पद्धति अनुसार शल्यक्रियापछि बिरामीले सहजै आफ्ना आँखाले संसार देख्नु हो ।

**१२. पाठको एघारौँ अनुच्छेद मौन पठन गर्नुहोस् र चारओटा मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् ।**

उत्तर: (क) सन्दुक रुइतबाट करिब एकलाख मानिसले उपचार पाएका र यसलाई अमेरिकी डाक्टरले साथ दिएका ।

(ख) आफ्ना सहयोगीहरू मार्फत रुइतको उपचार पद्धतिलाई अन्तर्राष्ट्रियकरण गरेका ।

(ग) अमेरिका र अस्ट्रेलियाबाट 'रुइतेक्टोमी' पद्धतिका रूपमा प्रारम्भ भई यो विश्वका अधिकांश मुलुकमा गुणस्तरीय हिसाबले फैलिएको

(घ) यस पद्धतिको विकास र विस्तारमा रुइत आफैँ संलग्न हुँदै आएका र तिलगङ्गा आँखा उपचार केन्द्रको संसार प्रसिद्ध च्यानलहरूले विश्वव्यापी रूपमा प्रचार गरिरहेका ।

**रुइत र उनको उपचार पद्धति**

सन्दुक रुइतबाट करिब एकलाख मानिसले आँखाको उपचार पाएका र यो विश्वसनीय बन्दै गएकाले अमेरिकी डाक्टरहरूले समेत उनलाई साथ दिएको देखिन्छ । आफ्ना सहयोगीहरूमार्फत रुइतले आफ्नो उपचार पद्धतिलाई अन्तर्राष्ट्रियकरण गरेका छन् र अमेरिका, अस्ट्रेलियाबाट 'रुइतेक्टोमी' पद्धतिका रूपमा प्रारम्भ भई विश्वका अधिकांश मुलुकमा गुणस्तरीय हिसाबले यो पद्धति फैलिएको छ । यस पद्धतिको विकास र विस्तारमा रुइत आफैँ संलग्न हुँदै आएका छन् र तिलगङ्गा आँखा उपचार केन्द्रको संसारका प्रसिद्ध च्यानलहरूले विश्वव्यापी रूपमा प्रचार गरिरहेका छन् ।

pustpasa.com.np

१३. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

*साँघुको छेउमा पुगेपछि त्यसको आकार स्पष्ट भयो । यस्तो साँघु मैले कहिल्यै कतै देखेको थिइनँ । मास्तिर दुईओटा र तलतिर तीनओटा फलामका अहिले नै चुँडिएलान् जस्ता डोरीहरू खोलाको वारिपारि बाँधिएका थिए र तल्तिर डोरीमाथि फलेकहरू तेर्सो पारेर अल्झाइएका थिए । माथिका डोरीबाट तारहरू तलका डोरीहरूसम्म जोल्टिएका थिए । तल बुढी गङ्गा बेतोडसित लहरहरू छर्दै र नाच्दै फिँजैफिँज काढेर उर्लिरहेको थियो । सात आठ फुट जति त ठाउँ-ठाउँबाट फलेकै गायब थिए । डोरी चुँडिएर मात्र होइन, फलेक भाँचिएर वा उक्किएर एकै निमेषमा तल च्यापुले उर्लदो छालमा आफूलाई जोत्न सक्थ्यो । यस्तो उपक्रमबाट मान्छे हिँड्न सक्छ भन्ने सम्झँदा मेरो हंसले ठाउँ छोड्यो ।* **(साँपिको साँघु तर्नुअघि, ताना शर्मा)**

**प्रश्नहरू**

(क) **साँघुको आकार प्रकार कस्तो थियो ।**

**उत्तरः** साँघुको आकार प्रकार लथालिङ्ग एवम् भताभुङ्ग भएको कारण डरलाग्दो स्थितिको थियो ।

(ख) **बुढी गङ्गा कसरी उर्ली रहेको थियो ?**

**उत्तरः** बुढी गङ्गा बेतोडसित लहरहरू छर्दै र नाच्दै फिँजफिँज काढेर उर्ली रहेको थियो ।

(ग) **साँघुमा फलेक र डोरीको अवस्था कस्तो थियो ?**

**उत्तरः** साँघुमा फलेक र डोरीको अवस्था अत्यन्त नाजुक थियो ।

(घ) **लेखकको हंसले किन ठाउँ छोड्यो ?**

**उत्तरः** खतरनाक अवस्थामा रहेको साँघुबाट मान्छे हिँड्न सक्छ भन्ने सम्झँदा लेखकको हंसले ठाउँ छोड्यो ।

(ङ) **'साँघु' र 'निमेष' शब्दको अर्थ लेख्नुहोस् ।**

**उत्तरः** साँघु - नदी, खोला आदिको माथिबाट पार गर्न खम्बा उठाएर वा अन्य तरिकाले बनाइएको बाटो, सेतु

निमेष - एकपटक आँखा झिम्कँदा लाग्ने समय वा ज्यादै थोरै क्षण

## लेखाइ

१४. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) **रुइतको बाल्यकाल कस्तो थियो ?**

**उत्तरः** ताप्लेजुङ जिल्लाको अति नै दुर्गम मानिएको ओलाङचुङगोलाको सुन्दर प्रकृतिको काखमा सन्दुक रुइतको बाल्यकाल बित्यो । चिनसँग सिमाना जोडिएको ओलाङचुङगोला तमोर नदीको सिरानमा पर्छ तर उनको घर अलि तल खोचमा थियो । त्यही होचो ठाउँमा उनी प्रत्येक बिहान डाँडापाखा रातै फुलेका फुलहरू हेरेर मुग्ध हुन्थे र सेताम्मे देखिने हिमालहरू हेरेर रमाउँदै आमाबुबा र साथीभाइसँग बेरोकटोक खेल्न र रमाउन पाएका रुइतको बाल्यकाल असाध्यै रमाइलो र लोभलाग्दो थियो । उनी पढ्नका लागि दार्जिलिङ गएपछि भने उनको जीवन बढी सङ्घर्षशील बन्यो । उनले परदेशमा बस्दा अनेक दुःखकष्ट भोग्नुपऱ्यो । प्रारम्भमा उनको बाल्यकाल निकै आनन्दको थियो भने पढाइ सुरु गरेपछि सङ्घर्षपूर्ण बन्यो । बसौँसम्म घर परिवारबाट टाढा बस्नुपर्दा उनलाई दिक्क लाग्थ्यो तर पनि उनले हिम्मत नहारी अध्ययन गरे र जीवनमा सफलता पाए ।

puspas.com.np

**(ख) सन्दुक रुइतले डाक्टर बन्ने अठोट कसरी पुरा गरे ?**

**उत्तरः** सन्दुक रुइतका बुबाले आफ्ना छोरालाई डाक्टर बनाउने सपना देखेका थिए । दुर्गम र कुनै सुविधा नभएका ठाउँमा बसोबास गर्ने भए पनि जेठा छोराको मृत्युले आहत बनेका रुइतका बुबाले घरबाट धेरै टाढा दार्जिलिङ पुऱ्याएर स्कुलमा भर्ना गरिदिए । सुरुमा घरपरिवारबाट टाढा बस्नु परेकाले आहत र चिन्तित बनेका रुइतले पढाइमा मिहिनेत गर्दै गए । अध्ययनशील र जिज्ञासु प्रवृत्तिका रुइतलाई उनका बुबाले दार्जिलिङबाट काठमाडौं ल्याई सिद्धार्थ वनस्थलीमा भर्ना गरिदिए । यसै बेला उनकी बहिनीको उपचार नपाएर क्षयरोगका कारण दुःखद निधन भयो । आफूभन्दा एक वर्ष मात्र कम उमेरकी बहिनीको निधनले उनलाई निकै भावुक बनायो । यस घटनापछि निकै नै शोकाकुल बनेका सन्दुकले डाक्टर बनेर बाबाको सपना साकार पार्ने दृढ अठोट गरे र लगनशील भएर पढ्न थाले । उनले सिद्धार्थ वनस्थलीबाट प्रवेशिका परीक्षा र त्रिचन्द्र कलेजबाट आइएस्सी उत्तीर्ण गरे । यसै क्रममा अर्की बहिनीको निधनले झनै आहत बने पनि उनले पढाइलाई निरन्तरता दिइनै रहे । डाक्टर बन्ने सपना बोकेका रुइतले वि.सं. २०२९ मा एमबिबिएस पढ्न भारतको लखनउस्थित किङ्गस जर्ज मेडिकल कलेजमा छात्रवृत्ति पाए । त्यहाँबाट एमबिबिएस पास गरेपछि उनले डाक्टर बन्ने अठोट पुरा गरे ।

**(ग) रुइतेक्टोमी के हो र यसमार्फत कसरी आँखाको उपचार गरिन्छ ?**

**उत्तरः** रुइतेक्टोमी सन्दुक रुइतले धेरै खोज अनुसन्धानबाट पत्ता लगाएको आँखाको उपचारसम्बन्धी विशेष प्रविधि हो । यो प्रविधि चिकित्सा पद्धतिका क्षेत्रमा अहिले नेपाली प्रविधिको रूपमा विश्वभर चर्चित छ । यसका सुरुवातकर्ता सन्दुक रुइत हुन् । सरल र कम लागतमा मोतीबिन्दुको गरिने यस उपचार पद्धतिलाई विश्वभर फैलाउन रुइतको ऐतिहासिक र महत्त्वपूर्ण योगदान रहेको छ । रुइतले लामो समयको खोज र अनुसन्धानपछि 'इन्ट्राओकुर लेन्स' बनाए र आँखाको शल्यक्रिया गर्ने नयाँ पद्धति पत्ता लगाए । उनले पत्ता लगाएको पद्धतिअनुसार शल्यक्रियापछि 'इन्ट्राओकुर लेन्स' बिरामीको आँखामा लगाइन्छ र बिरामीहरू आफ्नै आँखाबाट संसार देख्न सक्षम हुन्छन् । यसरी रुइतले पत्ता लगाएको उपचार पद्धतिबाट आँखाको सफल उपचार गरिन्छ ।

**(घ) सन्दुक रुइत कसरी विश्वका चर्चित र सफल डाक्टर बने ?**

**उत्तरः** सन्दुक रुइत एक सङ्घर्षशील र भावुक प्रकृतिका व्यक्ति थिए । आफ्नै मिहिनेत र लगनशीलताको प्रतिफलस्वरूप उनले एमबिबिएस गर्ने छात्रवृत्ति पाए । भारतको लखनउस्थित किङ्गस जर्ज मेडिकल कलेजबाट एमबिबिएस उत्तिर्ण गरेपछि उनको डाक्टर बन्ने अठोट पुरा भयो । नेपाल फर्केर वीर अस्पतालमा जनरल फिजिसियनका रूपमा तीन वर्ष बिताउने क्रममा उनको सङ्गत रामप्रसाद पोखेल, नवीनचन्द्र राईजस्ता आँखाका डाक्टरहरूसँग भयो । उनीहरूले चलाएका आँखा शिविरमा गएर आँखाको उपचार गर्दा नेपालमा आँखाका रोगीहरूको समस्या भयावह अवस्था रहेको थाहा पाए । आँखाको उपचार गर्दै लैजाँदा त्यसबाट पाएको सफलता र बिरामीको खुसी देख्दा उनी ज्यादै उत्साहित बने । यसै क्रममा उनले अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल कलेजमा छात्रवृत्ति पाए र एम. डी. पास गरे । त्यसपछि त्रिपुरेश्वरस्थित आँखा अस्पतालमा काम गर्दै गर्दा विश्व स्वास्थ्य सङ्गठनका तर्फबाट अस्ट्रेलियाली नेत्र चिकित्सक फ्रेड हलोजको सङ्गत र सहयोगबाट अस्ट्रेलिया गई मोतीबिन्दुको उपचारमा थप विशेषज्ञता हासिल गर्ने अवसर पाए । प्रचलित पद्धतिअनुसार आँखाको उपचार गर्दा महँगो र बिरामीलाई

puspas.com.np

समेत पीडा हुने भएकाले रुइत सरल र सस्तो पद्धतिबाट उपचार गर्न चाहन्थे । यसै क्रममा आँखाको शल्यक्रिया र अनुसन्धान गर्दै जाँदा उनले नयाँ प्रविधि आविष्कार गरे ।

उनले आविष्कार गरेको प्रविधि सबैभन्दा सस्तो र भरपर्दो साबित भयो । यसै क्रममा तिलगङ्गा आँखा केन्द्रको स्थापना र त्यसमार्फत आँखासम्बन्धी उपचार तथा अनुसन्धानपछि 'इन्ट्राओकुलर लेन्स' जस्तो आँखाको उपचार गर्ने नयाँ पद्धति उनले पत्ता लगाए । यसको प्रयोग विश्वका अधिकांश मुलुकमा गरिन्छ । यस पद्धतिलाई विदेशी डाक्टरहरूले अन्तर्राष्ट्रियकरण गर्न सहयोग गरे । उनको पद्धतिलाई विश्वका चर्चित समाचार केन्द्रहरूले समेत प्रचार प्रसार गर्दै आएका छन् । त्यसैले सन्दुक रुइत आफूले गरेको आँखाको उपचार पद्धतिको आविष्कार र त्यसबाट पाएको सफलताले विश्वका चर्चित डाक्टर बने ।

**(ङ) सन्दुक रुइतको जीवनीबाट के-कस्तो प्रेरणा पाउन सकिन्छ ?**

**उत्तर:** सन्दुक रुइतको जीवनीबाट धेरै प्रकारको प्रेरणा पाउन सकिन्छ । सर्वप्रथम घर छोडेर टाढा गई बस्नुपरे पनि दिक्क नमानी निरन्तर मिहिनेतका साथ अध्ययन गरी सफलता प्राप्त गर्ने प्रेरणा रुइतको जीवनीबाट प्राप्त गर्न सकिन्छ । त्यस्तै बिरामी वा असहायको सेवाबाट आनन्द प्राप्त हुने प्रेरणा पनि उनको जीवनीबाट प्राप्त गर्न सकिन्छ । आँखाको उपचार गर्न देशका विभिन्न ठाउँमा गई सफल उपचार गर्दा बिरामीहरूबाट व्यक्त खुसीले रुइत ज्यादै उत्साहित बनेका थिए । त्यसैको फलस्वरूप उनी जीवनभर बिरामीको उपचारमा लागे । त्यसैले समाजसेवामा लाग्ने र सन्तोष प्राप्त गर्ने प्रेरणा पनि उनको जीवनीबाट प्राप्त गर्न सकिन्छ । यसैगरी एउटा दृढ अठोट लिएर अघि बढे सफलताको चुली चुम्न सकिन्छ भन्ने कुराको उदाहरण रुइत बनेका छन् । उनले निरन्तर मिहिनेत र अनुसन्धान गरेर आँखाको उपचार गर्ने सस्तो र भरपर्दो उपचार पद्धति पत्ता लगाए । उनले आविष्कार गरेको उपचार पद्धतिले देश विदेश फैलने मौका पायो । अतः मानिसले निश्चित सङ्कल्प गरेर मिहिनेत साथ अघि बढें सफलता प्राप्त गर्न सकिने प्रेरणा पनि उनको जीवनीबाट प्राप्त गर्न सकिन्छ । यस्तै जातीय सङ्कीर्णताभन्दा माथि उठेर राष्ट्रिय पहिचानलाई सर्वोपरि ठानी काम गर्ने र राष्ट्रिय एकतालाई बलियो बनाउने भावना विकसित गर्नुपर्छ भन्ने उनको विचारबाट पनि प्रशस्त प्रेरणा लिन सकिन्छ ।

**१५. पाठको बारौं अनुच्छेदबाट मुख्य पाँचओटा बुँदा टिप्नुहोस् ।**

**उत्तर:**

(क) वर्तमान समयमा मोतीबिन्दु, जलबिन्दु, उच्च रक्तचाप, मधुमेह, चस्मादोष र चोटपटकका कारण आँखासम्बन्धी थुप्रै समस्याहरू देखापरेका,

(ख) आँखाको दृष्टिशक्तिलाई बचाइ राख्न खानपान, आहारविहार र जीवनशैलीमा ध्यान दिनु पर्ने ।

(ग) हरियो सागसब्जी, फलफूल, गेडागुडी, दुध आदिको खानपिनले आँखालाई फाइदा गर्ने र मोबाइल, चुरोट, रक्सीले नोक्सान पुऱ्याउने ।

(घ) लामो समयदेखि आँखाको समस्यामा परेको रोगीहरूको उपचार गर्ने एसियाकै प्रमुख केन्द्र बनाउने हेतुले रुइतले तिलगङ्गा आँखा अस्पतालको स्थापना गरेका ।

(ङ) हाल रुइतले विश्वका डाक्टरलाई नेपाली प्रविधि सिकाइरहेका र आगामी दिनमा विश्वका नौ दस ओटा देशमा तिलगङ्गा जस्तै आँखा अस्पताल र अनुसन्धान शाखा खोल्ने योजनामा रहेका ।

puspas.com.np

**१६. भाव स्पष्ट गर्नुहोस् :**

**(क) प्रत्येक जातिको आफ्नो जातीय, भाषिक र धार्मिक पहिचान हुन्छ ।**

**उत्तर:** मानव सभ्यताको लामो इतिहासमा उसले आफ्नो स्वतन्त्र पहिचान कायम गरेको पाइन्छ । हरेक जातजाति, भाषाभाषी र धर्म मान्ने मानिसहरूले बसौं पहिलेदेखि आफ्नो पहिचान कायम गरेको देखिन्छ । नेपालकै सन्दर्भमा भन्दा यहाँ अनेक जातजाति, भाषाभाषी तथा धर्म र संस्कृति मान्ने मानिसहरू बसोबास गर्छन् र उनीहरूले आफ्नो स्वतन्त्र अस्तित्व कायम गरे झैं विश्व मानव समुदायमा यो कुरा लागु हुन्छ भन्ने मर्मलाई माथिको अंशमा प्रस्तुत गरिएको छ ।

संसारमा थुप्रै जातजातिहरूको बसोबास रहेको छ । उनीहरूका भाषा पनि बेग्ला बेग्लै छन् । उनीहरूले आफ्नो जातको भाषा विकसित गरेका छन् । हजारौं वर्षको इतिहास लगाएर तयार पारिएको भाषामा तत्‌तत् जातिको पहिचान स्पष्टत: देख्न सकिन्छ । त्यस्तै हरेक जातिले आफ्नो धार्मिक पहिचान पनि कायम गरेका छन् । अनेक धर्म मान्नेहरू संसारभर पाइन्छन् र तिनले आपसमा धार्मिक सहिष्णुता पनि कायम गरेका छन् । नेपाल अनेक जातजाति, भाषाभाषी र धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ र उनीहरूका बिच आपसमा सद्भाव कायम छ । यही अवस्था सुदूर भविष्यसम्म कायम हुनुपर्छ भन्ने सन्दुक रुइतको मान्यता छ ।

**(ख) नेपालको एउटा दुर्गम गाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् ।**

**उत्तर:** नेपाल एउटा अल्पविकसित पहाडी मुलुक हो । सानो देश भए पनि यस देशको भौगोलिक अवस्था विविधतायुक्त छ । यहाँ थुप्रै दुर्गम ठाउँदेखि सुगम ठाउँ पनि छन् । दुर्गम ठाउँका मानिसहरूको जीवन बडो कठिन हुने गर्छ । दुर्गम ठाउँका जनताले शिक्षा, स्वास्थ्य, रोजगार जस्ता कुराबाट वञ्चित हुनुपर्छ । यस्तो अति विकट ठाउँमा जन्मिएका डाक्टर सन्दुक रुइतले आफ्नो अथक मिहिनेतका कारण आज विश्वभर चर्चाको शिखरमा रहेका छन् ।

ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला जस्तो दुर्गम ठाउँमा डाक्टर सन्दुक रुइतको जन्म भएको हो । कठिन परिश्रम गरी आँखाको सफल डाक्टर बन्नुका साथै आफ्नै मिहिनेत र अनुसन्धानका कारण उनी आँखाको उपचारसम्बन्धी नयाँ प्रविधि पत्ता लगाउन पनि सफल भए । फलत: उनले आविष्कार गरेको आँखाको उपचारसम्बन्धी प्रविधि सस्तो र सुलभ भएका कारण संसारकै ध्यान आकर्षित भयो । यही कारण दुर्गम ठाउँमा जन्मिएका भए पनि डाक्टर सन्दुक रुइत आफ्नो मिहिनेत र अनुसन्धानका कारण आज संसारभर चर्चित बनेका छन् । तसर्थ, ठुलो मान्छे हुन सुगममै जमिन्नु पर्छ भन्ने छैन । दुर्गममा जन्मिए पनि आफ्नो मिहिनेत र अनुशासनले ठुलो मान्छे हुन सकिन्छ भन्ने कुराको बलियो प्रमाण डाक्टर रुइत बनेका छन् ।

puspas.com.np

१७. **पाठको छैटौं अनुच्छेदबाट 'श' र 'स' को प्रयोग भएका शब्दहरू लेख्नुहोस् ।**

उत्तर:

| 'श' प्रयोग भएका शब्द | 'स' प्रयोग भएका शब्द |
|---|---|
| अध्ययनशील, शोकाकुल, लगनशील, प्रवेशिका | सन्दुक, जिज्ञासु, त्यसैले, सिद्धार्थ, वनस्थली, स्कुल, यसै, सपना, साकार, आइएस्सी, समक्ष, यसरी, साहस, साथ |

१८. **पाठका सातौं अनुच्छेदबाट ह्रस्व इकार र दीर्घ ईकार लागेका पाँच-पाँचओटा शब्द लेख्नुहोस् ।**

उत्तर: ह्रस्व इकार लागेका पाँच शब्द: किङ्गस, फिजिसियन, सिलसिला, अभिभावक, मानिस
दीर्घ इकार लागेका पाँच शब्द: उनी, वीर, नवीनचन्द्र, रोगी, खुसी

१९. **उदाहरण हेरी तलका अनेकार्थी शब्दलाई भिन्न-भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

**जस्तै: (क) गोल : उसले राम्रो गोल गऱ्यो ।**
**गोल : गोल जम्मा गर ।**
**(ख) ताल : सङ्गीतको तालमा रमाऊ ।**
**ताल : पोखरामा राम्रो ताल छ ।**

**दर, कर, तर, खोटो, रहर, सुर, हार, हुस्सु, कल, पत्र, जाली, उत्तर, साँचो, साल, पुतली, मास, अर्थ, फल**

उत्तर: दर - तिमी तिजमा दर खान माइत जाऊ ।
दर - यी टोपीको दर कति छ ?
कर - नेपाल सरकारले यस वर्षदेखि मूल्य अभिवृद्धिकर कडाइका साथ लागु गर्ने निर्णय गऱ्यो ।
कर - मलाई घर जान कर नगर ।
खोटो - तिमी जङ्गल गएर खोटो लिएर आऊ ।
खोटो - ग्राहकलाई खोटो चिज दिएर नझुक्याऊ ।
रहर - मलाई पोखरा घुम्न जाने रहर छ ।
रहर - मेरो भाइ रहरको दाल भनेपछि हुरुक्क हुन्छ ।
सुर - आज घरको चारै सुरमा बत्ती बालियो ।
सुर - दाजुको के सुर छ, थाहा पाइएन ।
हार- दुलही नानी घाँटीमा हार लगाएर विवाह मण्डपमा गएर बसिन् ।
हार - नेपाल र भारतको फुटबल खेलमा भारतको हार भयो ।
हुस्सु - आज काठमाडौँमा बेजोडले हुस्सु लागेको छ ।
हुस्सु - त्यो केटो कस्तो हुस्सु रहेछ, पकेटमारलाई पैसा चोरायो ।
कल - मैले भाइलाई तीन पटक कल गरेँ ।
कल - केटाकेटीहरूले कल गरे भने आमाबाबुले दु:ख पाउँछन् ।
पत्र - मैले भाइलाई चाँडै घर आउनु भनी पत्र लेखें ।
पत्र - श्याम पुस्तकका पत्र पल्टाउँदै छ ।
जाली - हरिबहादुर जाली बोकेर माछा मार्न गयो ।
जाली - गाउँघरमा जाली बदमासहरूको अझै बिगबिगी छ ।
उत्तर - मलाई तिमी साँचो उत्तर देऊ ।
उत्तर - उत्तर दिशामा देवताको वास हुन्छ भन्ने मान्यता छ ।

puspas.com.np

साँचो - घरमा साँचो लगाउने गर ।
साँचो - तिमी साँचो बोल, नत्र फन्दामा परौला ।
साल - यो साल तराईमा धानबाली सप्रियो ।
साल - खेतको डिलमा सालको रुख छ ।
पुतली - पुतली देखेर सानो भाइ रमायो ।
पुतली - सानी बहिनी पुतली खेलाउँदै छे ।
मास - परेवाले सुकाएको मास सबै खाएछ ।
मास - टुडिखेलमा ठुलो मास जम्मा भएको थियो ।
अर्थ - अर्थहीन बहमा समय खेर नफाल ।
अर्थ - वृक्ष शब्दको अर्थ रूख हो ।
फल - आज परीक्षाफल प्रकाशित भयो ।
फल - बिरामीलाई फलफुल खुवाउनुपर्छ ।

## व्याकरण

१. **तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू क्रियायोगी हुन्, तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस् :**

*म हिजै तिमीलाई यहाँ भेट्न चाहन्थेँ तर तिमी त उपत्यका बाहिर रहेछौ । हाम्रो भेट नभएको धेरै लामो समय भयो । अहिले म काठमाडौँ फर्केको छु । हिजो बिहान सबेरै आएको थिएँ । पढ्न भनेर विदेश गएको धेरै भयो । पढाइ पनि सिद्धियो । मेरो मनले त्यहाँ एक्लै बस्न मानेन । यहाँ आमाबाबाले तल, माथि, वर, पर, यता, उता, गर्दै चिटचिट पसिना बगाएर दिनरात काम गर्नुहुन्छ । उहाँहरूले जस्तै म पनि यही देशको माटामा आफ्नो सिप र श्रम खर्चन चाहन्छु । मेरो पहिलेदेखिको चाहना पनि यही हो । त्यसैले म छिटै फर्के । साथी ! विदेशको जीवन निकै यान्त्रिक रहेछ । यहाँ बसेर टेलिभिजनमा हेर्दा त्यहाँका सबै कुरा धेरै राम्रा देखिन्छन् । मानिसहरू चिटिक्क परेर मुसुक्क हाँस्दै ढकमक्क फुलहरू फुलेको बगैँचामा घुमेका छन् । गुनगुन कुरा गर्दै । रमाइला रमाइला दृश्य हेर्दै बाँचेका छन् भन्ने लाग्छ तर मित्र ! उनीहरूभित्र पनि पटक्कै शान्ति छैन । आफन्तलाई चटक्कै छाडेका छन् र यान्त्रिकताभित्र फनफनी फेरो मार्दै चसचस दुःखेको छाती लिएर हिँडेका छन् । त्यस्तो ठाउँमा म जस्ताले सजिलै काम पाउन सक्ने कुरै भएन । त्यसैले स्वदेशमै केही गरौँ भन्ने उत्साह बोकेर म यहाँ फर्किएको छु । तिमी छिटो काठमाडौँ आऊ, तिमीसँग मैले धेरै कुरा गर्नु छ ।*

**उत्तर:** विद्यार्थीले रेखाङ्कित शब्दलाई मात्र अभ्यास पुस्तिकामा सार्ने ।

२. **तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू नामयोगी हुन्, तिनलाई अभ्यास पुस्किामा सार्नुहोस् :**

*रमासँग यात्रा गर्दा मलाई असाध्यै रमाइलो लाग्छ । उनीभित्र ज्ञानको सागर छ । यात्रामा हिँड्दा पनि उनी कतिबेला बाटोमुनि हेर्छिन् त कतिबेला बाटोमाथि हेरेर मुस्कुराछिन् । साँझ पर्नासाथ आकाशतिर फर्किन्छिन् र ताराहरूको चमकसँगै आकाशभित्र हराउँछिन् अनि भन्छिन्, "जीवनभरी ध्रुव तारा जस्तै चम्किएर बाँच्न पाए*

pustakas.com.np

*पनि हुन्थ्यो ।" उनी बिहानदेखि साँझसम्म आफ्नो हृदयभरि मिठा मिठा सपना सजाउँछिन् र जीवनप्रति निकै आशावादी बनेर साथीहरूसित घुम्न चाहन्छिन् अनि सबैलाई स्याबासीसमेत दिन्छिन् । उनलाई जीवनपर्यन्त प्रकृतिको काखमा विचरण गर्ने रहर छ । उनी आफ्नो इच्छाबमोजिम चाहेअनुसारका ठाउँमा घुम्न पाउँदा मख्ख छिन् । उनले मलाई जीवनभर साथ दिने वाचा गरेकी छिन् । उनीप्रति म पनि आभारी छु ।*

**उत्तर:** रेखाङ्कित नामयोगी शब्दलाई विद्यार्थीले अभ्यास पुस्तिकामा सार्ने ।

**३. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू संयोजक हुन्, तिनीहरूको पहिचान गरी अभ्यास पुस्तिकामा सार्नुहोस् :**

*हामी कर्णाली अञ्चलको रारा तालको भ्रमणमा निस्कियौँ र प्राकृतिक सौन्दर्यको चरम आनन्द लियौँ । आहा ! रारा त साँच्चै प्रकृति सुन्दरी पो रहिछिन् । त्यसैले त यहाँ पर्यटकको ओइरो लाग्दो रहेछ । हामीले रारा तालको सौर्न्यलाई आँखाभरि हेर्‍यौँ अनि रारासँगै आफूलाई पनि क्यामरामा कैद गर्‍यौँ । घनघोर जङ्गलका बिचमा रहेको रारा तालको सौन्दर्यको जादुले हामीलाई धेरै दिन त्यही राख्न चाहन्थ्यो तर हामीसित समय कम थियो । म राराको आँगनमा छमछम नाचूँ कि उन्मुक्त भएर गीत गाऊँ । म साथीहरूसँग मिलेर रारासँगै फोटोहरू खिचूँ वा त्यहाँको सुन्दरतालाई कहिल्यै नमेटिने गरी हृदयमा सजाऊँ । म केही सोच्नै सक्ने अवस्थामा थिइनँ किनकि राराको प्रेममा म चुर्लुम्म डुबिसकेको थिएँ । मलाई रारारूपी अप्सराले मोहनी लगाएकी थिइन् अनि सधैँ त्यहीँ बसूँ बसूँ बनाएकी थिइन् । जब म राराको नजिकै पुगेँ तब राराका चपल वयसी आँखासँग मेरा आँखा जुध्न पुगे । रारा मुसुक्क मुस्कुराएर मलाई स्वागत गर्न पुगिन् भने म पनि उनका अधरको मुस्कान र नयनको संसारमा रमाउन पुगेँ ।*

**उत्तर:** रेखाङ्कित संयोजक शब्दलाई विद्यार्थीले अभ्यास पुस्तिकामा सार्ने ।

**४. तल दिइएका शब्दहरू पढ्नुहोस् र तालिकामा दिइए जस्तै गरी क्रियायोगी, नामयोगी र संयोजक छुट्याएर अभ्यास पुस्तिका लेख्नुहोस् :**

**वर, पर, तल, सित, सँग, पर्यन्त, र, अनि, अनुसार, त्यसैले, माथि, ढकमक्क, चिटिक्क, चिटचिट, पढ्न, पढेर, हिजो, निम्ति, आज, भोलि, वा, अथवा, तर, तापनि, भने, भन्ने, गुनगुन, सम्म, साथ, भरि, तिर, प्रति, कि, किनकि, भित्र, पहिले, अहिले, गरेकाले, चसचस, चम्किए,**

| क्रियायोगी | नामयोगी | संयोजक |
|---|---|---|
| वर, पर, तल, ढकमक्क, चिटिक्क, चिटचिट, पढ्न, पढेर, हिजो, आज, भोलि, गुनगुन, अहिले, यस यस, चम्किए | सित, सँग, पर्यन्त निम्ति, सम्म, साथ, भरि, तिर, प्रति, भित्र | र, अनि, त्यसैले वा, अथवा, तर, तापनि, भने, भन्ने, कि, किनकि |
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |

puspas.com.np

## सिर्जनात्मक अभ्यास

पेज २७

तल दिइएका बुँदाहरूका आधारमा जीवनी तयार पार्नुहोस् :

| | |
|---|---|
| नाम : | लक्ष्मीप्रसाद देवकोटा |
| जन्म : | वि.सं. १९६६ कार्तिक २७ |
| जन्म स्थान : | धोबीधारा, काठमाडौँ |
| पितामाता : | तिलमाधव देवकोटा/अमर राज्यलक्ष्मी |
| प्रमुख साहित्यिक कृति : | |
| महाकाव्य : | शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणा प्रताप, पृथ्वीराज चौहान |
| खण्डकाव्य : | मुनामदन, लुनी, कुञ्जिनी, सृजामाता आदि |
| उपन्यास : | चम्पा |
| कथा : | लक्ष्मी कथासङ्ग्रह |
| निबन्ध : | लक्ष्मी निबन्धसङ्ग्रह, दाडिमको रुखनेर |
| साहित्यिक योगदान : | नेपाली साहित्यका महाकवि, प्रकृतिप्रेमी, देशभक्त तथा विशिष्ट निबन्धकार, एकेडेमीका संस्थापक, नेपाली साहित्यका प्रचारक |
| साहित्यिक विशेषता : | स्वच्छन्दतावादी कवि, मानवतावादी विचार, कल्पनाशीलता तथा बौद्धिकताको प्रस्तुति |
| मृत्यु : | क्यान्सर रोगबाट २०१६ साल काठमाडौँमा |

उत्तर:

**लक्ष्मीप्रसाद देवकोटा**

नेपाली साहित्यका महान् साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ साल कार्तिक २७ गतेका दिन काठमाडौँको धोबीधारामा भएको थियो । यिनका पिताको नाम तिलमाधव देवकोटा र माताको नाम अमर राज्यलक्ष्मी हो । यिनै दम्पतीका साहिँला सुपुत्रका रूपमा देवकोटाले यस धर्तीमा पदार्पण गरेका थिए । देवकोटाका थुप्रै साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । **शाकुन्तल, सुलोचना, वनकुसुम, महाराना प्रताप, पृथ्वीराज चौहान** जस्ता चर्चित महाकाव्यकारहरू र **मुनामदन, लुनी, कुञ्जिनी, सृजामाता** आदि उल्लेखनीय खण्डकाव्यहरू पनि प्रकाशित भएका छन् । यसैगरी देवकोटाको चम्पा शीर्षकको एउटा उपन्यास, लक्ष्मी कथा सङ्गह शीर्षकको कथासङ्ग्रह एवम् लक्ष्मी निबन्धसङ्ग्रह र **दमिडको रुखनेर** जस्ता चर्चित निबन्धसङ्ग्रह पनि उनका प्रकाशित भएका छन् ।

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महाकविका रूपमा ज्यादै चर्चित छन् । यिनी एक सफल प्रकृतिप्रेमी कवि थिए । यिनका रचनामा देशभक्ति र मानवतावादी चिन्तन सशक्त रूपमा प्रकट भएको पाइन्छ । यिनी कविका साथै विशिष्ट निबन्धकार पनि हुन् । एकेडेमीका संस्थापक र नेपाली साहित्यका प्रचारक अनि स्वच्छन्दतावादी कविका रूपमा चर्चित देवकोटा एक मानवतावादी विचारलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने कल्पनाशील तथा बौद्धिकतालाई समेत आफ्ना रचनामा समावेश गर्ने प्रतिभाशाली कवि थिए । यस्ता अद्भुत प्रतिभाको क्यान्सर जस्तो डरलाग्दो रोगका कारण असमयमै २०१६ सालमा काठमाडौँमा देहावसान भयो ।

□□□

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.